अन्तर्राष्ट्रिय बहुप्रतिष्ठित  एपीसी क्रिस निकोल स्वतन्त्र तथा खुला स्रोत सफ्टवेयर पुरस्कारद्वारा नेपालीनक्स सम्मानित

अक्टुबर १७, २००७

प्रेश विज्ञप्ति

सन् २००७को बहुप्रतिष्ठित  अन्तर्राष्ट्रिय पुरस्कार  एपीसी क्रिस निकोल स्वतन्त्र तथा खुला स्रोत सफ्टवेयर  मदन पुरस्कार पुस्तकालय (मपुपु), ललितपुर, पाटनढोका, नेपालद्वारा विकसित नेपाली भाषामा स्थानीयकृत लीनक्स कम्प्युटर सञ्चालन प्रणाली, नेपालीनक्स र विगत केही समयदेखि स्वतन्त्र तथा खुला स्रोत सफ्टवेयरको प्रवर्दधनमा लागेको संयुक्त राज्य अमेरिकामा रहेको फ्री गीक नामक संस्थालाई संयुक्त रूपमा प्रदान गरिएको छ। यस समाचारको पुष्टि पुरस्कारको आधिकारिक वेब साइटमा आज प्रेशित http://www.apc.org/english/chrisnicol/ समाचार ले गरेको छ। दुई वर्षमा एक चोटि दिइने उक्त पुरस्कार लामो समय सम्म स्वतन्त्र तथा खुला स्रोत सफ्टवेयरका बारे वकालत गर्न र चेतना फैलाउन सक्रिय भूमिका खेलेका र एपीसीका सदस्य समेत रहेका क्रीस निकोलको सम्झनामा खडा गरिएको हो।  उनको सन् २००५ मा असमायिक निधन भएको थियो। जनसाधरणमा स्वतन्त्र तथा खुला स्रोत सफ्टवेयरको पहुँच बढाउन असाधरण भूमिका खेल्ने व्यक्ति वा संस्थालाई यो पुरस्कार प्रदान गर्ने गरिन्छ।

यसै वर्षको अगष्ट महिनामा फाइनलसम्म पुग्न सफल विश्वका सात प्रतिस्पर्धीहरूका नाम प्रकाशित गरिएको थियो, जस मध्ये नेपालीनक्स पनि एक थियो। अङ्ग्रेजी भाषामा दखल नभएकाहरूलाई सुलभ र सजिलो ढङ्गले सूचना तथा प्रविधिको सरल पहुँच पुऱ्याउने अभिप्रायका साथ नेपालीमा कम्प्युटर सञ्चालन प्रणाली तथा सफ्टवेयर (नेपालीनक्स) मदन पुरस्कार पुस्तकालयले प्यान स्थानीयकरण  परियोजना अन्तर्गत सन् २००४ देखि विकास गर्दै आएको छ। हालसम्म नेपालीनक्सका ३ भिन्न भिन्न संस्करणहरू क्रमश: १.०, १.१ र २.० बाहिर आइसकेका छन्। हाल  पुस्तकालयले नेपालीनक्स संस्करण ३.० का लागि काम गरिरहेको छ जुन मार्च २००८ मा सार्वजनिक गरिने लक्ष राखिएको छ। प्रत्येक संस्करणसँगै प्रयोगकर्ताहरूका सल्लाह सुझावलाई ध्यानमा राख्दै जतिसक्दो चलाउन सजिलो र उपयोगी बनाउने कोशिश नेपालीनक्स विकासकर्ता टोलीको प्रयाश भइरहेको छ। नेपालीनक्सलाई देशका ३० ग्रामिण विद्यालय र पाँच सूचना केन्द्रहरूमा स्थापना गर्ने पुस्तकालयको योजना छ। परीक्षणका लागि प्रारम्भिक रूपमा तीन विद्यालयहरूमा नेपालीनक्स स्थापना गरिसकिएको छ  र प्रतिक्रियाहरू उत्साहबर्धन नै आएका छन्। पुरस्कार प्राप्तिका बारे प्रतिक्रिया दिँदै पुस्तकालयका निर्देशक अमर गुरूङ भन्छन्, "यस पुरस्कारले नेपालीनक्स सम्मानित हुँदा हाम्रा कार्यहरूले अन्तर्राष्ट्रिय जगतमा मान्यता पाएको छ र  बढी भन्दा बढी जनतामाँझ कम्प्युटरको पहुँच पुऱ्याउने हाम्रो उद्देश्यलाई साकार पार्न तर्फ अघि बढ्न थप हौंसला मिलेको छ।”